**नेपाल सरकार**
**संचार तथा सूचना प्रविधि मन्त्रालय**
**सुरक्षण मुद्रण केन्द्र**
**सिंहदरबार, काठमाडौं ।**

नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालय सुरक्षण मुद्रण विकास समिति सुरक्षण मुद्रण केन्द्र सिंहदरबार, काठमाडौं

# आपूर्तिकर्ता/सेवा प्रदायक सूचीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०८२/०१/१०)**

सुरक्षण मुद्रण केन्द्रलाई आ.व. २०८१/८२ का लागि आवश्यक पर्ने विभिन्न प्रकारका मालसामान, उपकरण, सफ्टवेयर, परामर्श सेवा तथा अन्य सेवाहरु आपूर्ति/प्रदान गर्न इच्छुक, योग्य तथा अनुभवी फर्म/कम्पनी/संस्था/सेवा प्रदायकहरूलाई सूचीकरण गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपसिलमा उल्लेखित क्षेत्रहरूमा आपूर्ति/सेवा प्रदान गर्न सक्ने इजाजत प्राप्त आपूर्तिकर्ता/सेवा प्रदायकहरूले आवश्यक कागजातहरु सहित कार्यालय समयमा यस केन्द्रमा सूचीकरणका लागि निवेदन पेश गर्नुहुन अनुरोध छ।

**आवश्यक पर्ने मालसामान/सेवाका मुख्य क्षेत्रहरु:**

१. **सुरक्षण मुद्रण सम्बन्धी कच्चा पदार्थ:** सेक्युरिटी पेपर (Security Paper), विभिन्न प्रकारका मसी (Inks - Security, Offset, etc.) अन्य सम्बन्धित कच्चा पदार्थहरु

२. **प्राविधिक तथा मेकानिकल उपकरणहरु:** सुरक्षण मुद्रण सम्बन्धी तथा अफसेट मेसिनरी तथा पाटपुर्जाहरु, अन्य प्राविधिक र मेकानिकल उपकरण तथा पाटपुर्जाहरु

३. **सफ्टवेयर, आईटी प्रणाली तथा उपकरणहरु:** विभिन्न प्रकारका सफ्टवेयर तथा लाइसेन्स, नेटवर्किङ उपकरण तथा प्रणाली, डाटा सेन्टर उपकरण तथा व्यवस्थापन, अन्य सम्बन्धित आईटी प्रणाली र उपकरणहरु

४. **परामर्श सेवा:** सफ्टवेयर विकास तथा आईटी प्रणाली सम्बन्धी परामर्श, इन्जिनियरिङ तथा प्राविधिक परामर्श, सुरक्षण मुद्रण प्रविधि सम्बन्धी परामर्श, व्यवस्थापन तथा अन्य विशेषज्ञ परामर्श सेवा

५. **मर्मत सम्भार सेवा:** डिजिटल/अफसेट प्रेस लगायत मुद्रण मेसिनरी मर्मत, यूपीएस (UPS), जेनेरेटर तथा पावर डिस्ट्रिब्युसन सिस्टम मर्मत, कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर मर्मत, सीसीटीभी (CCTV) तथा सुरक्षा प्रणाली मर्मत, एयर कन्डिसनिङ (AC) तथा भेन्टिलेसन प्रणाली मर्मत, अन्य मेसिनरी तथा उपकरण मर्मत

६. **गुणस्तर नियन्त्रण सामग्री तथा उपकरण:** गुणस्तर परीक्षणका लागि आवश्यक प्रयोगशाला उपकरण, अन्य गुणस्तर नियन्त्रण सम्बन्धी सामग्रीहरु

७. **कार्यालय सञ्चालन सम्बन्धी सामग्री तथा उपकरण:** कम्प्युटर, ल्यापटप, प्रिन्टर, स्क्यानर, फोटोकपी मेसिन आपूर्ति, फर्निचर (टेबल, कुर्सी, फाइल क्याबिनेट, र्याक आदि), स्टेशनरी सामग्री (कागज, कलम, फाइल, आदि), टेलिफोन, इन्टरकम, फ्याक्स तथा इन्टरनेट उपकरण र सेवा, फायर सेफ्टी उपकरण तथा अलार्म सिस्टम, सीसीटीभी (CCTV) तथा अन्य सुरक्षा उपकरणहरु, सफाई सामग्री

कार्यकारी निर्देशक

८. **जनशक्ति आपूर्ति सेवा:** सुरक्षा गार्ड, सरसफाई कर्मचारी, अन्य आवश्यक सहायक कर्मचारी आपूर्ति गर्ने कम्पनी/एजेन्सी

९. **अन्य सेवाहरू:** ढुवानी सेवा, सवारी साधन मर्मत तथा भाडा सेवा, भवन मर्मत सम्भार सेवा, कुरियर तथा डेलीभरी सेवा, खाजा सेवा

**सूचीकरणका लागि निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. फर्म/कम्पनी/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।

२. स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।

३. आ.व. २०८०/८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

४. आपूर्ति/सेवा प्रदान गर्न आधिकारिक इजाजतपत्र/स्वीकृति आवश्यक पर्ने भए सो को प्रतिलिपि।

५. आपूर्तिकर्ता/सेवा प्रदायकको विस्तृत प्रोफाइल (Company Profile)।

६. सम्बन्धित क्षेत्रमा कार्य अनुभव पुष्टि हुने कागजातहरु (सम्भव भएसम्म)।

७. निवेदन (कुन-कुन क्षेत्रमा सूचीकृत हुन चाहेको हो स्पष्ट खुलाउने)।

**द्रष्टव्य:**

- निवेदन तथा संलग्न कागजातहरू खामबन्दी गरी खाम बाहिर "आपूर्तिकर्ता/सेवा प्रदायक सूचीकरण निवेदन" र सूचीकृत हुन चाहेको क्षेत्र/क्षेत्रहरू स्पष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ।
- म्याद नाघी आएका वा रीत नपुगेका निवेदनहरू उपर कुनै कारबाही गरिने छैन।
- सूचीकरण हुनु मात्र कुनै खरिद सम्झौताको ग्यारेन्टी होइन। खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम छुट्टै गरिनेछ।
- केन्द्रले कुनै पनि निवेदन स्वीकृत वा अस्वीकृत गर्ने वा सूचीकरण प्रक्रिया रद्द गर्ने अधिकार सुरक्षित राख्दछ।
- थप जानकारीका लागि केन्द्रको प्रशासन/खरिद शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

**सम्पर्क:**

सुरक्षण मुद्रण केन्द्र, सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००६४४, ०१-४२००६४५

ईमेल ठेगाना: info@spc.gov.np

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सुरक्षण मुद्रण विकास समिति
सुरक्षण मुद्रण केन्द्र
सिंहदरबार, काठमाडौं

कार्यकारी निर्देशक